म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १२३ शुक्रबार, ४ पुस २०८२ ने. सं. ११४६ थिंलागा 19 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य:

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## ११ किलोभन्दा बढी गाँजासहित दुई युवक पक्राउ

हेटौँडा, ३ पुस/हेटौँडा उपमहानगरपालिका-१५ रातोमाटे चेकपोइन्टबाट प्रतिबन्धित लागूऔषध गाँजासहित दुईजना पक्राउ परेका छन् । बिहीबार दिउँसो करिब २:१५ बजे पूर्वपश्चिम सडकखण्डमा सवारीसाधन चेकजाँचका क्रममा चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको ना ६ ख १६१७ नम्बरको यात्रुबाहक बसमा सवार दुईजनालाई शंकाको आधारमा खानतलासी गरिएको थियो । सो क्रममा उनीहरुको झोलाभित्र लुकाइछिपाइ ल्याइएको ११ किलो १३० ग्राम गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा चितवन राप्ती नगरपालिका-१२ का १९ वर्षीय निसान प्रजा र १८ वर्षीय सागर प्रजा रहेका छन् । बरामद गरिएको गाँजासहित दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाइएको छ । प्रहरीले मकवानपुर जिल्ला अदालत, हेटौँडाबाट म्याद थप अनुमति लिएर उनीहरुमाथि लागूऔषधसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ ।

### ५ महिनामा २३ दशमलब ८८ प्रतिशत राजश्व संकलन

# कुल बजेटको ९ दशमलब ८५ प्रतिशत मात्रै बजेट खर्च

साझाकुरा संवाददाता




हेटौंडा, ३ पुस/बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ५ महिनामा लक्ष्यको २३ दशमलव ८८ प्रतिशत मात्र राजश्व संकलन गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार ६७ अर्ब ४७ करोड ७३ लाख अनुमान गरिएकोमा १६ अर्ब ११ करोड ७ लाख ८२ हजार अर्थात २३ दशमलब ८८ प्रतिशत राजस्व संकलन गरेको हो । घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य स्रोत मानिन्छ । दुवै शीर्षकसहित बाँडफाँडबाट आर्थिक वर्ष २०८२/८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार संकलन हुने अनुमान गरिएकोमा साउनदेखि मंसिरसम्ममा लक्ष्यको २८ दशमलव ६३ प्रतिशत अर्थात ८ अर्ब ८४ करोड ४७ लाख ७७ हजार संकलन भएको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज संज्याललले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०८२/८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट ७ अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा ५ महिनामा त्यसको करिब २१ दशमलव ६७ प्रतिशत अर्थात् १ अर्ब ६६ करोड ८५ लाख ५९ हजार संकलन भएको छ । प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारीकर शीर्षकबाट आर्थिक वर्ष २०८२/८३ मा ८ अर्ब २५ करोड अनुमान गरिएकोमा मंसिर महिनासम्म ३५ दशमलव ८६ प्रतिशत अर्थात् २ अर्ब ९५ करोड ८६ लाख २३ हजार राजस्व संकलन गरेको छ ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्यअभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकोमा यो अवधिसम्ममा ३ अर्ब ६ करोड ८६ लाख ७१ हजार अर्थात ३४ दशमलब ८८ प्रतिशत संकलन भएको छ भने अन्त:शुल्क करबापत ४ अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकोमा १ अर्ब ७ करोड २३ लाख ५९ हजार अर्थात २६ दशमलब ५६ प्रतिशत प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान अन्तर्गत् १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकोमा पहिलो ५ महिनाको अवधिमा त्यसको ३८ दशमलव ३८ प्रतिशत अर्थात् ५ अर्ब ६८ करोड ७५ लाख ३० हजार मात्र प्राप्त भएको अधिकृत संज्याललले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट ४ अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकोमा ५ महिनाको अवधिमा लक्ष्यको ३१ दशमलव ४४ प्रतिशत अर्थात् १ अर्ब ५० करोड २१ लाख ९७ हजार मात्र प्राप्त भएको छ । आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेननी प्रदर्शनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको जनाइएको छ ।

**बागमती प्रदेशमा पुँजीगत खर्च ४.४७ प्रतिशतमात्र**

चालु आर्थिक वर्षको ५ महिनामा प्रदेश सरकारले कुल बजेटको ९ दशमलब ८५ प्रतिशत मात्रै खर्च गरेको छ । अधिकृत संज्यालका अनुसार चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकामा ५ महिनामा कुल बजेटको ९ दशमलव ८५ प्रतिशत अर्थात् ६ अर्ब ६४ करोड ६२ लाख ८ हजार खर्च भएको छ ।

जसमध्ये पुँजीगततर्फ १ अर्ब ८५ करोड ३६ लाख अर्थात ४ दशमलब ४७ प्रतिशत र चालुतर्फ ४ अर्ब ७९ करोड २५ लाख अर्थात १८ दशमलब ४१ प्रतिशत खर्च भएको हो । मन्त्रालयमध्ये सबै भन्दा बढी बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले २१ दशमलब ७८ प्रतिशत र सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले १ दशमलब ४८ प्रतिशत खर्च गरेको छ । त्यसैगरी स्वास्थ्य मन्त्रालयले २० दशमलब ५४ प्रतिशत, श्रम, रोजगार तथा यातायात मन्त्रालयले १९ दशमलब ५५ प्रतिशत, सामाजिक विकास मन्त्रालयले १० दशमलब ७० प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ४ दशमलब ८४ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ७ दशमलब १२ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ९ दशमलब ६९ प्रतिशत खर्च गरेको छ ।

वन तथा वातावरण मन्त्रालयले ११ दशमलब ४९ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १० दशमलब ९० प्रतिशत, खानेपानी, उर्जा तथा सिचाई मन्त्रालयले ४ दशमलब ४४ प्रतिशत, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले १० दशमलब ८७ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १३ दशमलब १२ प्रतिशत, बजेट खर्च गरेको छ ।

त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले १३ दशमलब ७१ प्रतिशत, प्रदेशसभा सचिवालयले २४ दशमलब ५० प्रतिशत, प्रदेश लोकसेवा आयोगले २९ दशमलव ९० प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले २३ दशमलब ६७ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले १९ दशमलव ०४ प्रतिशत बजेट खर्च गरेको छ ।

# संवैधानिक अधिकारभित्र रहेर कानून निर्माण गर्न स्थानीय तहलाई सुझाव



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/विज्ञहरुले कानून बनाउने अधिकार सहितको स्थानीय सरकार भएकाले क्षेत्राधिकारभित्र रहेर कानून निर्माणमा प्रभावकारी भूमिका खेल्न स्थानीय सरकारलाई सुझाव दिएका छन् ।

नेपाल कानून समाजले स्थानीय निकायका पदाधिकारीका लागि आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा विज्ञहरुले संविधानप्रदत्त अधिकारभित्र रहेर प्रभावकारीरुपमा कानून निर्माण गर्न सुझाएका हुन् । संविधानविद् डा.खिमलाल देवकोटाले कानूनले तोकेको अधिकार मात्रै प्रयोग गरेर स्थानीय सरकारले कानून बनाउन सक्ने बताए । स्थानीय तहले संविधान विपरित आफूखुशी कानून बनाउन नसक्ने उनको भनाई छ । कानूनी व्यक्तिले भने कानूनले गर भनेको मात्रै गर्नुपर्नेमा उनले जोड दिए ।

उनले विगतमा स्थानीय सरकारलाई कानून बनाउने अधिकार नभएको पनि स्मरण गरे । वर्तमान संविधानले स्थानीय सरकारलाई संघीय कानूनको दायरमा रहेर थप नयाँ कानून निर्माण गर्नको लागि अधिकार दिएको उनको भनाई छ । उनले कानून निर्माण गरेरमात्रै खर्च गर्न सुझाव दिए । कानून निर्माण नगरी कार्यविधिको आधारमा खर्च गर्दा महालेखाले बेरुजु निकालिदिने र कतिपय अवस्थामा भ्रष्टाचार गरेको आरोपमा जेल नै जानुपर्ने स्थिति आउने बताए । सहजताका लागि नीति निर्देशिका र मापदण्ड मात्रै बनाउने नभई संविधानअनुसार ऐन निर्माण र सिद्वान्त अवलम्वन गर्नुपर्नेमा संविधानविद् देवकोटाले जोड दिए ।

'हिजोको स्थानीय तहले कानून बनाउँदैनथ्यो । कानून बनाउने अधिकारसहतिको स्थानीय सरकार भनेको अहिलेको मात्रै हो । हिजोको अनुभवलाई हेर्ने हो भने अधिकार खुम्चिन्छ, अधिकार खुम्च्याउनेतिर होइन, अहिलेको त स्थानीय सरकारको हो भन्ने हिसावले गर्नुपर्छ । अब सरकार हो भन्नेबित्तिकै के हुन्छ, भने व्यक्तिको हकमा कानूनले नगर्नु भनेको चिज नगर्ने अरु बाँकी सबै चीज गर्न पाईन्छ तर, कानूनी व्यक्तिको हकमा कानूनले गर्नु भनेको मात्रै गर्न पाइन्छ' उनले भने ।

त्यसैगरी नेपाल कानून आयोगका पूर्वअध्यक्ष माधवप्रसाद पौडेलले अन्तरसरकार समन्वय गरेर कानून निर्माण गर्नुपर्नेमा जोड दिए । उनले नेपालको संघीय संरचनाले अन्तरनिकाय सहयोग र समन्वयात्मक मोडलमा कानून निर्माणको कल्पना गरेको बताए । स्थानीय सरकारका एकलअधिकार र साझाअधिकारका प्रत्याभूतिका लागि कानून निर्माण गर्दा पर्याप्त छलफल, समन्वय र सहकार्य आवश्यक रहेको उनको भनाई छ । नेपाल कानून समाजका प्रमुख कार्यकारी निर्देशक कृष्णमान प्रधानले स्थानीय तहले जनताको लागि कानून निर्माण नगर्ने तर, आफ्नो लागि मात्रै बनाउने गरेको गुनासो आएको बताए ।

स्थानीय तहले कानून निर्माण गर्न धेरै खर्चगर्ने गरेकोले प्रदेश र संघीय सरकारसँग नबाझिने गरी बनाउनुपर्नेमा उनले जोड दिए । कार्यक्रममा वागमती प्रदेशअन्तर्गतका स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष विधायन समितिका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतसहित ३५ जनाको सहभागिता रहेको थियो । नेपाल कानून समाजले संविधान जारी भएपछि निर्वाचित स्थानीय तहका पदाधिकारीलाई संविधानबमोजिम स्थानीय तहले बनाउनुपर्ने कानूनका बारेमा जानकारी दिन प्रशिक्षण दिँदै आएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# बागमती प्रदेशका लागि भुटनदेवी मावि मतदान केन्द्र



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/राष्ट्रियसभा सदस्य निर्वाचन, २०८२ का लागि सात प्रदेशमा मतदानस्थल तथा मतदान केन्द्र तोकिएको छ ।

आयोगका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार पुस २ गतेसातै वटा प्रदेशको प्रदेश राजधानी रहेका जिल्लामा मतदान स्थल/केन्द्र तोक्ने निर्णय भएको हो । उनका अनुसार कोशी प्रदेशका लागि मोरङको प्रदेश निर्वाचन कार्यालय, कोशी प्रदेशको परिसर, विराटनगरमा मतदानस्थल तथा मतदान केन्द्र तोकिएको छ ।

प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रदेशसभाका सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डल रहने व्यवस्था छ ।

मधेश प्रदेशका लागि धनुषाको महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर, बागमती प्रदेशका लागि मकवानपुरको भुटनदेवी माध्यमिक विद्यालय हेटौंडा-४, गण्डकी प्रदेशका लागि कास्कीको प्रदेश निर्वाचन कार्यालय गण्डकी प्रदेशको परिसर, पोखरा, लुम्बिनी प्रदेशका लागि दाङको कर्मचारी मिलन केन्द्र घोराही र कर्णाली प्रदेशका लागि सुर्खेतको प्रदेश निर्वाचन कार्यालय कर्णाली प्रदेशको परिसर, वीरेन्द्रनगरमा मतदानस्थल तथा मतदान केन्द्र तोकिएको छ ।

# हेटौंडामा तीन सवारी ठोक्किँदा सातजना घाइते

साझाकुरा संवाददाता



हेटौंडा, ३ पुस/पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा उपमहानगरपालिका-९ स्थित प्रगतिचोक सडकखण्डमा सवारी दुर्घटनामा सात जना घाइते भएका छन् ।

हेटौंडा-९ स्थित प्रगति चोकमा बिहीबार हेटौंडा बजारबाट रातोमाटेतर्फ जाँदै गरेको मधेश प्रदेश ०१-००१ ज ०१११ न. को विद्युतीय गाडीले विपरीत दिशा रातोमाटेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा.प्र.०३ ००६ प ९७५ न.को स्कुटरलाई ठक्कर दिई पुन: विद्युतीय गाडीले विपरीत दिशा रातोमाटेबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा १७ च ४२७२ न.को स्कार्पियो पिकअपमा ठक्कर दिँदा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार दुर्घटनामा घाइते हुनेहरुमा विद्युतीय गाडीमा सवार हेटौंडा-४ कर्राकी ३७ वर्षीया सरस्वती राणा, स्कार्पियोमा सवार भोजपुर जिल्ला षडानन्द नगर पालिका-१० का ६६ वर्षीय हेमसाङ तामाङ र स्कार्पियोमा सवार ५९ वर्षीया राजकुमारी तामाङ रहेका छन् ।

तीनैजनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । दुर्घटनामा परी विद्युतीय गाडीका चालक हेटौंडा-१५ रातोमाटेका २५ वर्षीय सुमन लामा, विद्युतीय गाडीमा सवार मकवानपुरगढी गाउँपालिका-५ भालुखोलाका ७८ वर्षीय टीकाप्रसाद तिमल्सिना, स्कुटर चालक हेटौंडा-९ का ३९ वर्षीय दीपक रुम्बा र स्कुटर पछाडिसवार रुम्बाकी छोरी पाँच वर्षीया ग्रेसी रुम्बा रहेका छन् । प्रहरीका अनुसार उनीहरुको मकवानपुर सहकारी अस्पतालमा उपचार भएको छ ।

तीनवटै सवारीसाधनमा क्षति भएको र ती सवारीसाधन प्रहरीले नियन्त्रणमा लिएको छ । घाइते हेमसाङ तामाङको टाउकोमा चोट लागेको र क्यान्सरसम्बन्धी बिरामी रहेकोमा उपचारको लागि काठमाडौं जाँदै गर्दा दुर्घटनामा परेको जनाइएको छ । यसैबीच भीमफेदी-कुलेखानी-काठमाडौँ सडक खण्डमा सुमो दुर्घटना भएको छ ।

वीरगंजबाट काठमाडौँ जाँदै गरेको ना.१ ज ६९५६ नं.को टाटासुमो मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-२ बतासेस्थित भीमफेदी कुलेखानी काठमाडौँ सडक खण्डमा बुधबार साँझ अचानक ब्रेक जाम हुँदा अनियन्त्रित भई बीच सडकमा पल्टिएर दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले सुमोमा चालकसहित नौ जना सवारमध्ये पहिचान नखुलेका एक महिलाको टाउकोमा सामान्य चोट लागि प्रहरी पुग्न अगावै उपचारको लागि काठमाडौँतर्फ पठाएको जनाएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# सडक विस्तार अन्यौलमा ?

हेटौंडाबासीले लामो समयसम्म बजारक्षेत्रको भग्नावशेष र धुलोको समस्या झेल्नु पर्ने भएको छ । मुआब्जाको माग गर्दै सर्वोच्च अदालतमा रिट दिएका राजमार्ग पीडितले न्याय पाउन ढिलाई हुँदा नगरबासीले समस्या भोग्नु पर्ने भएको हो । २५ गजभित्रका घरटहरा नहटाएसम्म बजार क्षेत्रमा सडक बिस्तार गर्न डिपिआरको काम सुरु हुन नसक्ने बताइएको छ । डिपिआर तयार नभएसम्म निर्माणका लागि बोलपत्र आब्हान हुनेवाला छैन । बजार दैनिकरुपमा अस्तब्यस्त भएर चलिरहने अवस्था सृजना भएको छ । हेटौंडा बजारक्षेत्रको २५ गज सडक विस्तारविरुद्ध दायर गरिएको रिट अदालतद्वारा हेर्न नमिल्ने सूचीमा राखिएको छ । निवेदनमाथि बुधवार सर्वोच्च अदालतमा सुनुवाइ हुन सकेन । सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र सुनिलकुमार पोखरेलको संयुक्त इजलासमा यो मुद्दाको पेसी तोकिएको पनि 'हेर्न नमिल्ने' सूचीमा राखिएको हो । रास्वपा नेतृ एवम् पूर्वसांसद विन्दवासिनी कंसकार समेतले दायर गरेको रिट सर्वोच्चको इजलास नम्बर ६ को 'च' नम्बरमा सुनुवाइका लागि पेसी तोकिएको थियो । तर, इजलासले मुद्दा हेर्न नमिल्ने भनेपछि बुधबारका लागि तोकिएको सुनुवाइ रोकिएको हो ।

हेटौंडा बजारक्षेत्रमा सडकसीमा २५/२५ गजभित्रका संरचना हटाएर सडक विस्तार गर्न लागिएको भन्दै नेतृ कंसाकारलगायतले गत मङ्सिर १६ गते सर्वोच्चमा रिट दर्ता गराएका थिए । निवेदकहरुले व्यक्तिगत सम्पत्तिमा हस्तक्षेप भएको र प्रक्रिया नपुरयाई संरचना हटाउन खोजिएको भन्दै मुद्दा दायर गरेका थिए । रिटमा निवेदकले डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रशासन कार्यालय मकवानपुर, सहरी विकास मन्त्रालय तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई विपक्षी बनाएका छन् । यसअघि मङ्सिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले निवेदकको माग बमोजिम तत्कालका लागि संरचना नहटाउन र यथास्थितिमा राख्न विपक्षीका नाममा 'अल्पकालीन अन्तरिम आदेश' जारी गरेको थियो । अदालतले दुवैपक्षलाई अन्तरिम आदेशबारे छलफल गर्न बोलाएको थियो । मङ्सिर २६ गते न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले यो मुद्दासँग सम्बन्धित मिसिल झिकाउने आदेश गरेको थियो । सोही आदेशअनुसार पुस २ गतेको लागि पेसी तोकिएको हो । योसँगै हेटौंडामा सडक विस्तारको थपकार्य अन्यौलमा परेको छ । मंसिर २० गते सडक डिभिजन कार्यालय हेटौंडाले ७ किलोमिटर सडक सीमा भित्र पर्ने ५ सय भन्दा बढी संरचना एकैदिन भत्काएको थियो । भत्किएका ति संरचनाको कारण अहिले हेटौंडा बजार अस्तव्यस्त अवस्थामा छ । भत्काइएका भग्नावशेष हटाउने क्रममा पाँचजना मजदुर घाइते भएका छन् । भत्काइएका संरचनाका ढुंगा, ईँटा र रडका टुक्रा सडक तथा सडकपेटीमा छरिएर रहँदा पैदलयात्री तथा सवारीचालक जोखिममा परेका छन् । संरचना हटाउने क्रममा हुने सम्भावित जोखिमलाई मध्यनजर गर्दै बुद्धचोकदेखि लोकप्रियसम्मको मुख्य सडक खण्ड बन्द गरिएको छ ।

संगमचोकदेखि पिपलबोट हुँदै मकवानपुर उद्योग वाणिज्य संघ आउने सडक पनि बन्द गरिएको छ । सडक बन्द भएपछि हेटौंडाको कान्तिलोकपथ, बुद्धचोक, सीमाचोक र मेनरोडक्षेत्रमा सवारी जाम बढ्दै गएको छ । जामका कारण पैदलयात्रु, सार्वजनिक सवारीका यात्रु तथा निजी सवारीचालकले दैनिक सास्ती खेप्नुपरेको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणगढ-हेटौंडा सडकखण्डमा विस्तार गर्ने कार्य हेटौंडा बजार क्षेत्रका कारण अलमलमा पर्ने सम्भावना देखिएको छ । एडीबीको सहुलयितपूर्ण ऋणमा मुख्य सडक ४ लेन र बजारक्षेत्रमा सर्भिसलेनसहित ८ लेन सडकमा विस्तार गर्ने जनाइएको छ । हेटौंडादेखि नारायणगढसम्म ७० किलोमिटर सडकखण्डको स्तरोन्नति गर्न सबै प्रक्रिया पूरा गरेर आगामी फेब्रुअरी (माघ-फागुन) मा ठेक्का आह्वान गर्ने आयोजनाको तयारी छ । एडीबीको मुख्य कार्यालयले नियुक्त गरेको विदेशी परामर्शदाता टोलीले यसको डिजाइन र अध्ययन गरिरहेको छ । चितवन पर्यटनको राजधानी र पूर्वपश्चिम राजमार्गको मुख्य खण्ड भएकाले पनि यो आयोजनालाई प्राथमिकताका साथ अघि बढाइएको निर्देशनालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस ५ गते शनिबार २० डिसेम्बर २०२५ । प्रतिपदा, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५१ सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोगीको राम्रो साथ पाइनेछ | **तुला** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| **वृष** | : रोकिएका काम बन्ने योग छ | **वृश्चिक** | : समय उत्साहवर्द्धक छ |
| **मिथुन** | : लगानीको अवसर जुट्नेछ | **धनु** | : आम्दानी बढ्नेछ |
| **कर्कट** | : यात्रा अघि बढ्न सक्नेछ | **मकर** | : पितृधन लाभ हुनेछ |
| **सिंह** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **कुम्भ** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कन्या** | : छिमेकमा असमझदारी बढ्नेछ | **मीन** | : कृषिमा हानि हुनेछ |

# एड्स र समाजको विकृति



✍अच्युतप्रसाद पौडेल 'चिन्तन'

लैंगिक हिंसाविरुद्धको अभियान र एड्स अनि यौनका अन्तर्राष्ट्रिय चर्चा गर्नुपर्ने समय एकै बेला परेको छ । डिसेम्बर १ विश्व एड्स दिवस, सन् १९८८ डिसेम्बर १ लाई सम्झनुपर्ने दिन । गत डिसेम्बर १ मा ३८ औँ विश्व एड्स दिवस मनाइयो । यस वर्षको नारा 'अवरोध पार गरौँ एड्स प्रतिकार्य रुपान्तरण गरौँ' भन्ने रहेको छ । दिवस मनाइरहँदा संसारमा करिब ९० लाखले उपचार नपाएका तथ्यांकहरु आइरहेका छन् ।

हाम्रो सरकारी संयन्त्र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले भनेको छ- सन् २०२४ को अन्त्यसम्म यहाँ ३४ हजार ३३७ जना संक्रमितको अनुमान छ भने त्यसमा ७७ प्रतिशतले उपचार पाएका छन् । ६४ जिल्लाका ९६ एआरटी केन्द्रहरुबाट एन्टी रिट्रोभाइरल औषधि उपचारको निःशुल्क व्यवस्था गरिएको छ । अफसोस नै भन्नुपर्छ, गतवर्ष मात्रै यहाँ ५६९ जनाको मृत्यु भएको र सन् २०१० को तुलनामा यो तथ्यांक ८६ प्रतिशतले कम हो ।

यो रोग, शरीरको रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउने रोग हो र यसले दक्षिण अमेरिकी देश हाइटीबाट सर्वप्रथम पहिचान पाएको हो । नेपालको सन्दर्भमा पोखरामा पहिले पुष्टि भएको हो । हाल विश्वमा ४ करोड ८० लाख संक्रमित रहेकामा नयाँ संक्रमितको संख्या १ लाख ३० हजारको छ । समग्रमा हाल यसबाट संक्रमित हुनेमा ३ करोड ९४ लाख मानिस १५ वर्ष उमेर माथिका छन् र १ करोड ४० लाख भने १४ वर्षमुनिका रहेका छन् । संक्रमितमध्येका ६ लाख ३० हजारको मृत्यु भइसकेको छ ।

स्वास्थ्य सेवा विभागका अनुसार आव ०८०।०८१ मा नै यहाँ ३० हजार बढी संक्रमित देखिएका छन्, १५ वर्षमाथिका महिला १३ हजार, पुरुष १६ हजार र १४ वर्षमुनिका १ हजार २ सय बढी छन् । तथ्यांक विश्लेषण गर्दा १५ देखि ४९ उमेर समूह, जो सक्रिय जनसंख्या हो, धेरै रहेका छन् भनौँ ५१:५ प्रतिशत र १४ वर्ष उमेर सम्मका समूहका कलिलाको संख्या ४८ प्रतिशत छ । सन् १९८८ देखि हालसम्म ३० हजार जनाको मृत्यु भइसकेको छ र करिव २६ हजार बढीले एन्टी रिट्रोभाइरल थेरापी ओखती प्रयोग गरिरहेका छन् ।

एड्सको परिभाषा गर्दा इम्युन पावरको डेफिसियन्सी हो भने शरीरमा हुने रोगसँग लड्ने क्षमतामा कमी हुनु नै यसको मूल लक्षण हो । असुरक्षित यौन सम्पर्क, रगत दिँदा-लिँदाको असुर क्षित सिरिन्ज, लागू पदार्थ आदिबाट एचआईभी/एड्स सर्ने हुन्छ । जति बेला अमेरिकामा संक्रमण देखियो, औषधि थिएन, अहिले ओखती छ यसको । नियमन र रोकथाम गर्ने निकाय पनि धेरै छन् । तर संसारका संक्रमितमध्ये ७० प्रतिशतले थाहै पाउँदैनन् आफू संक्रमित छु भन्ने । पहिले त परीक्षणमा पनि डराउँथे, लाजको कुरो पनि थियो, परीक्षण र ओखती निःशुल्क छ अहिले ।

पुरुषले पुरुषैसँग गर्ने यौन सम्पर्क, सुईबाट नशालु औषधि सेवन, असुरक्षित यौन सम्पर्क, परीक्षणविनाको रक्तदान, रोजगारीमा छलाङ मार्ने गरी स्वदेश-विदेशको भागदौड, सवारी चालकहरुसँगको जथाभावी यौन आकर्षण र सम्पर्क धेरै छन् यसको वृद्धिका कारणहरु । त्यसो त एचआईभी/एड्सका केही विधिहरु पनि छन् निराकरणका लागि, जसलाई एबीसी मेथडको नामले सम्झन सजिलो छ । एको अर्थ एब्सटिनेन्स भनौँ यौन सम्पर्क नै नगर्ने, बीको अर्थ बिट्विन टु पार्टनर भनौँ श्रीमान-श्रीमती मात्र र सीको अर्थ हुन्छ कण्डम अर्थात् सम्पर्क गर तर कण्डम प्रयोग गरेर । सन् १९८८ देखि विश्व तात्यो यसमा र हरेक वर्ष डिसेम्बर १ लाई यसको दिवसका रुपमा मनाउन पनि थाल्यो । नेपालमा स्वास्थ्य मन्त्रालयअन्तर्गत राष्ट्रिय एड्स तथा यौन नियन्त्रण केन्द्रले यसबारे काम गरिरहेको छ ।

यो रोग लाग्नेमा हाम्रा उत्पादनशील जनशक्ति बढी छ, र त यो राष्ट्रिय समस्या भएको छ । रोजगारीका पीडा, घरबाहिर धेरै र हनुपर्ने, समलिंगी यौन, कण्डमको प्रयोग नहुने, लाजको संकोच, क्षयरोग नै निम्तिएको अवस्था र हाम्रो ७५३ स्थानीय तहहरु नै भरपूर सक्रिय हुन नसक्दा यो महामारीको रुपमा देखा परेको छ । विभिन्न जिल्लाबाट भाइरल औषधि ४५ वितरण केन्द्रहरुबाट ५१ हजार बढीलाई वितरण गरिरहेको भनिएको छ, तथापि यसबारे सचेतनाको कमी नै महसुस भएको छ ।

अभियान सञ्चालन वा गोष्ठीहरु ठूला होटलहरुमा हुन्छन्, गरिनुपर्ने खुल्ला सडक वा स्थानीय जनचासो रहेका स्थानहरुमा हो । सार्वजनिक यातायात सञ्चालनका मुख्य-मुख्य नाकाहरुमा हो, रोजगारीको खोजीमा रहेका मूल स्थानहरुमा हो, शैक्षिक पठनपाठन गरिने संस्थाहरुमा हो, कोर्स सिलेबसमै रहनुपर्ने विषय हो । यो केन्द्रीकृत महामारी हो, दुर्व्यसनी, यौनकर्मीहरु बढी मारमा परेका छन्, हालसम्मको आँकडा हेर्दा लागूपदार्थ दूर्व्यसनीको संख्या ३ प्रतिशत र यौनकर्मीको संख्या २:२ प्रतिशत रहेको छ, नजिकको देश भारतमा काम गर्न जानेको संक्रमित संख्या ०:२ प्रतिशतको रहेको छ ।

सन् २०३० मा पूर्ण उन्मूलन हुने लक्ष्यको समय नजिक आइरहँदा कार्यक्रमहरु प्रभावकारी नभएको देखिन्छ । हाम्रो उपचार पद्धति पर्याप्त छैन । स्वास्थ्य सुविधा नै कमजोर छ । बाह्य दातृ निकायको भर पर्नुपरेकाले साधन-स्रोतकै कमी छ । दक्ष जनशक्तिको त अभाव नै छ । संस्थागत प्रयास छ तर संयन्त्रहरुका बीच समन्वयको अभाव छ । शिक्षाको खोजी, शहरको महँगो शिक्षा, खर्च धान्न नसक्ने अवस्था, श्रम रोजगारीका लागि जुनसुकै उमेर समूहको पनि प्रतीच्छा, बालबालिकाहरुप्रतिको यौन शोषण, चेतनाकै कमी धेरै छन् यसमा हेर्नुपर्ने विषयहरु । कम्बोडिया, दक्षिण एसियाका देशहरु, थाइल्यान्डमा यसको रोकथाममा धेरै प्रगति देखा परेको छ, नियन्त्रण कार्यक्रम बढी प्रभावकारी छ ।

हाम्रा दुर्गम भेग, स्वास्थ्यप्रतिको सरकारी जिम्मेवारीकै अभाव पनि रहेको छ, तालिम प्राप्त जनशक्तिको पहुँच सबैतिर छैन । हिजोआज सामाजिक सञ्जाललगायत यत्रतत्र प्रविधिको प्रयोगले महिला हिंसालाई झन् बढाएको छ । पहिलेजस्तो यौन खुल्ला नहुने अवस्था अलिक छैन अहिले । पंक्तिकारले जति बेला झन्डै ३५ वर्षअघि यससम्बन्धी एक अध्ययनमा संलग्न भई सम्बद्ध निकायलाई प्रतिवेदन बुझाउँदै थियो, स्थिति भयावह थियो, अहिले करिब सामान्य देखिए पनि उत्साहित हुने अवस्था छैन । सामाजिक सञ्जाल, उत्ताउला फोटाहरु, टिकटक धेरैले असर पारेको छ, जुन विषय गोपनीय हुन्छ, उजागर गर्दा त्यसको महत्व बढ्ने होइन बरु घट्छ नै ।

यो शताब्दीको शुरुतिर १४ देखि ५० वर्ष उमेर समूहका विश्वका ३ करोड ६१ लाख मानिसहरु यसबाट संक्रमित भई बाँचिराखेका थिए भने यसमा आधा संख्या महिलाकै देखिन्थ्यो । सन् २००४ मा आइपुग्दा ३० लाखले एचआईभी/एड्सबाट ज्यान गुमाए । जहाँ गरिबी र अशिक्षा छ, यौनधन्दा बढी हुने, चेलीबेटी बेचबिखन हुने, खुल्ला सिमानाका कारण मानव ओसारपसार, वेश्यावृत्ति, शिक्षा आर्जनको चाहनामा शिक्षकहरुबाटै यौनतृष्णा, आफन्तबाटै यौन पिपासुको घेराबन्दी, लैंगिक विभेद, पर्यटन, पर्यटकको देखासिकी, धेरै खर्चबर्चको चाहना, व्यापारिक काम, पेसागत काम कारबाहीले स्त्री-पुरुषको सदावहार भेटघाट, धेरै विषय गुप्त रहने, पद, प्रतिष्ठाको लोभ र शारीरिक भोकले यौनकार्यलाई सामान्यरुपमा बुझिदिँदा पनि यस्ता रोगबाट मानिसलाई समस्या खडा गरेको देखिन्छ । धेरै यस्ता रोगी भएको स्थान अफ्रिका हो, बालबालिका पनि त्यहीँ बढी संक्रमित छन्, मृत्युको सिकार हुने संख्या त्यहीँ बढी छ । विश्व स्वास्थ्य संगठनले भनेको थियो- सन् २०१५ मा आइपुग्दा संसारमा ११ लाख मानिसले यो रोगबाट ज्यान गुमाए । यो रोग आफैँमा रोग नभएर इम्युन सिस्टमको कमजोरी, रोग प्रतिरोधात्मक क्षमताको कमी हो । नेपालमा यससम्बन्धी रोग निराकरणका लागि विगत ५ वर्षमा मात्रै ११ करोड ४७ लाखभन्दा बढी युएस डलर भनौँ १० अर्ब रकम खर्च भइसकेको तथ्यांक छ । यसअघि पनि धेरै रकम विदेशीहरुले दिएका हुन् । बढी संक्रमित हुने हाम्रो सन्दर्भमा १५ देखि ४० वर्ष समूहका किशोरकिशोरी नै छन् । रोजगारीका सिलसिलामा अपरिचितसँगको यौन सम्पर्कले यो रोग बोकी ल्याएका केसहरु पनि धेरै छन् ।

पूर्वीय दर्शनले यौनलाई आजको जस्तो खुल्ला राखेको थिएन । विवाहपूर्व यौन सम्पर्कलाई पाप भनेको थियो, वास्तवमा पाप भन्नु प्रदूषण नै हो । आजको जस्तो बिहेवारीमा उमेरको ढिलाइ पनि थिएन, दिदीबहिनीहरु केटा साथी बनाउन हम्मेसी तयार हुन्नथे । विभिन्न कथाकुथुङ्गीहरु बनाएर यसबारे सतर्क रहने गरी शिक्षा दिन्थे, हाम्रा पूर्वजहरु । बाबुआमाको इज्जत, प्रतिष्ठा सम्झन्थे, बहकाउमा नलाग्न नैतिक शिक्षा दिन्थे, जग्गेमा चरु होम गरेर अग्नि साक्षी राखी जन्ती, वरियात, पूरा इष्टमित्रलाई देखाएर, सम्धी, सम्धेलो गराएर केटाकेटीको इज्जत, औकात, प्रतिष्ठा हेरेर, ढोग, भेट गरेर, औपचारिक सिउँदोमा सिन्दुर भरेर विवाह गर्ने चलन थियो ।

परीक्षणका लागि दुलही भित्र्याएपछि मातृका स्थापना गरेको कोठामा दम्पती सुतेर भोलिपल्ट जग्गे बनाई बच्चा पाएको थाङ्ना धोएको प्रतिकको रुपमा खट्कुलोमा सबैले देख्ने गरी मैला कपडा धुने, अघिल्लो जग्गेमा औपचारिक जुठो खाने र खुवाउने चलन थियो । शारीरिक सम्पर्कको प्रमाणित र कुनै गुनासो भए गुनासो पोख्ने गरी १६ दिनभित्र ससुराली जाने, जसलाई १६ दिने साइत या दुलहन फर्काउने भन्ने चलन थियो । अब त्यसो रहेन, गर्भ बोकेको ६ महिनामा मन्दिर गएर सिन्दुर हाल्ने वा कोर्ट म्यारिज गर्ने प्रथा आयो । विदेशमा त रिहर्सल पति-पत्नीको पहिल्यै हुन्छ भन्ने सुनिन्छ, यहाँ पनि त्यही सिको भएको देखिन्छ । बाबुले खोजेको केटाको कुरा गर्दा मैले त स्कूलमा उहिल्यै... भन्ने गरेको धेरै विषय देखिएका छन् । विदेशमा पारपाचुके गर्नेको संख्या पनि धेरै देखिन्छ, यहाँ पनि सम्बन्ध भत्किएका केसहरु धेरै छन् । सबैले बेलैमा सजग नभए यसले भोलि विकराल रुप लिन सक्छ, विगतझैँ ।

*(साभार: न्यूज अफ नेपाल)*

# एमाले महाधिवेशन सकिएपछिका सात टिप्पणी

✍झलक सुवेदी

नेकपा एमालेको ११औं महाधिवेशन केही अर्थपूर्ण परिणामहरू निकाल्दै सम्पन्न भएको छ । पार्टीका नीति र सिद्धान्तमाथि बहस गर्न रोक लगाइएको यो महाधिवेशन नेतृत्व चयनमा केन्द्रित थियो । पहिल्यै अनुमान गरिए जस्तै कमरेड ओली तेस्रो पटकका लागि अध्यक्षमा निर्वाचित भएका छन् । यसो भन्न सकिन्छ ओलीलाई भदौ २३ र २४ को जेनजी प्रदर्शनपछि उत्पन्न राजनीतिक माहोलपछि पनि पार्टी पंक्तिले आफ्नो नेताका रूपमा पुनः अनुमोदन गरेको छ । पार्टी जीवनका लागि यसको परिणाम जे-जस्तो आउने भए पनि कमरेड ओलीको राजनीतिक जीवनलाई यसले पुनर्स्थापित गरिदिएको छ । नवनिर्वाचित अध्यक्ष कमरेडलाई हार्दिक बधाई तथा शुभकामना ।

कमरेड ईश्वर पोखरेललाई पनि हार्दिक बधाई तथा शुभकामना । उनले हिम्मत गरेर आफूलाई प्रतिस्पर्धीका रूपमा उभ्याए । यसै पनि उनलाई नेतृत्वबाट अवकाशको बाटो देखाउने प्रपञ्च विधान महाधिवेशनबाटै गरि एको थियो । तर अध्यक्षमा कमरेड ओलीसँग प्रतिस्पर्धा गरेर पोखरेलले एमालेलाई प्रश्नविहीन भक्तिमार्गतिर जानबाट बाहिर निकाल्न कोशिश गरेका छन् । आफ्नो जीवनको उत्तरार्धतिर आएर उनले २१ वर्षे उमेरमा जस्तै आन्दोलनलाई एउटा गुन लगाएका छन् । उनलाई यसका निम्ति इतिहासले सम्झने छ । विशेष बधाई गोकर्ण विष्ट र योगेश भट्टराईलाई जसले एमालेभित्र जीवनतत्व बाँकी छ भन्ने प्रमाणित गरेका छन् । कमरेडहरू पृथ्वी सुब्बा गुरुङ, विष्णु पौडेल, रघुजी पन्तहरूलाई पनि बधाई । महासचिवमा फेरि निर्वाचित कमरेड शंकर पोखरेललाई पनि र जो जो कमरेडहरूले जित्नुभयो उहाँहरू सबैलाई बधाई । जो-जो पराजित हुनुभयो उहाँहरूलाई शुभकामना ! हार्ने र जित्नेहरूका बीचको यो टक्करले एमाले भित्र र बाहिर समाजमा जुन बहस सिर्जना गरेको छ त्यो खेर जाने छैन ।

**उकुसमुकुसबाट मुक्ति**

एमालेको पार्टी जीवनमा एघारौं महाधिवेशनको विशेष अर्थ रहनेछ । २०७१ असारमा सम्पन्न नवौं महाधिवेशनमा कमरेड ओली अध्यक्ष निर्वाचित भएपछिबाटै नेकपा एमाले एउटा उकुसमुकुसको च्याम्बरमा प्रवेश गरेको थियो । सार्वजनिक वैधता ओलीका पक्षमा थियो । पार्टीभित्र उनको बहुमत हुनेवित्तिकै उनले पार्टीलाई एकलौटी रूपमा चलाउन थालेका थिए । पार्टीमा स्थापित सामूहिक निर्णयपद्धति समाप्त गरियो । फरक मतलाई निषेध गरियो । २०५५ तिरदेखि समूहगत रूपमा पेलानमा परेका ओली पक्षधरहरूले माथिदेखि तलसम्म फरक समूहलाई पेलेर जाने बदलाको नीति लिए । पार्टीमा जो जो जुन तहका अध्यक्ष या इन्चार्ज भए तिनले आफूलाई तह अनुसारको छोटे ओलीमा बदले । कुनै पनि कमिटीमा राजनीतिक वैचारिक बहस निषेध गरियो । फरक मत व्यवस्थापन गर्नुभन्दा नेता-कार्यकर्तालाई पार्टी छाडेर जान चुनौती दिन थालियो ।

यो सिलसिला बढ्दै जाँदा पार्टी विभाजित भयो । दशौं महाधिवेशनपछि त यो प्रवृत्तिले थप गति लियो । अध्यक्ष र महासचिव आफैं प्रदेश र जिल्ला हुँदै वडातहसम्म अनि सबै जनसंगठनमा गुट हुर्काउन थाले । यससँगै आफ्नो गुटसँग नजिक नहुनेलाई माथिदेखि तलसम्म अवसरबाट वञ्चित गरियो । पार्टीलाई भक्तहरू (एसम्यान) को झुण्डमा बदल्ने कोशिश भयो । यसपालि विद्या भण्डारी प्रकरणसँगै पार्टीमा थुनिएको उकुसमुकुसको बाँधमा प्वाल परेको थियो । कमरेड भण्डारीलाई पार्टीमा आउन, आफू पछिको अध्यक्ष बन्न पनि ओलीले नै निम्त्याएका थिए भनिन्छ । जब विद्याले मुखै फोरेर अध्यक्षमा दाबी गर्न थालिन् अनि ओलीले सबै वाचा र सम्बन्धहरू तोडे । पार्टीमा आफ्नो पद ताक्नेलाई बाघझाप्पु हान्ने भनेर सार्वजनिक वक्तव्यबाजी गर्दै गए ।

महाधिवेशन आएसँगै कमरेड ईश्वर, युवराज, अष्टलक्ष्मी, सुरेन्द्र, योगेश, विन्दा, गोकर्ण र कर्णहरूले जबर्जस्त रूपमा पार्टीमा फरक समूह र फरक मत अगाडि सारे । यससँगै तलसम्म एउटा लहर आयो । अन्यायमा परेका, कुनामा परेका या बोल्न डराएकाहरू पनि बोल्न थाले । महाधिवेशनस्थलसम्म आइपुग्दा धेरैले आफूलाई स्वतन्त्र महसुस गर्न पुगे । खास समयमा फरक मत र कित्तामा पुगे पनि पार्टीका लागि सबै बराबर हुनुपर्छ, विभेद गर्न पाइन्न भन्नेहरू एउटै गुट बलियो बन्यो भने पार्टीमा तानाशाही हुर्कन्छ, गलत निर्णयको शिकार बन्छ भनेर विश्लेषण गर्नेहरूले क्रस भोटिङ गरेर पार्टीमा एकताको धागो छिराए । गोकर्ण, योगेश, सुरेन्द्र र विन्दाहरूले पाएको मतले त्यसको पुष्टि गर्छ ।

समग्रमा ओली नेतृत्वमा आएपछि रोकिएको पार्टीको आन्तरिक लोकतन्त्रीकरणको प्रक्रियाले फेरि लय समात्ला कि भन्ने आशा पलाएको छ । एमालेको लोकतन्त्रीकरणले अरू दल र समाजमा पनि लोकतन्त्रीकरणको प्रक्रियालाई बलियो बनाउन मद्दत गर्नेमा विश्वास गर्न सकिन्छ । सुनिजान्नेहरूका अनुसार ओली कमरेड पार्टीका औपचारिक, अनौपचारिक थलोहरूमा आफूलाई सी चिनफिङलाई झैं प्रश्नरहित नेता मान्नुपर्छ भनेर माग गर्ने गर्थे । चीनको र नेपालको शासन प्रणालीका बीच रहेको भिन्नताका सन्दर्भमा ओलीले गरेको सीको झैं प्रश्नहीन बन्न पाउनुपर्ने माग असंगतिपूर्ण थियो । त्यसमाथि नेपालको कम्युनिस्ट आन्दोलन आरम्भदेखि नै उदार सोचबाट प्रभावित छ । एमालेले अँगालेको जबजले उदार वादकै आधारहरूलाई स्वीकार गरेको छ । खुला प्रतिस्पर्धा यसको मुख्य प्रवृत्ति बन्न थालेको पनि पाँचौं महाधिवेशनबाटै हो ।

एमालेलाई विचारमा अनुदारवाद र संगठनमा फाँसीवादतिर धकेलेको ओली नेतृत्वमा आएपछि नै हो । यसपटक उनको मिसनमा केही चोट लागेको त छ तर त्यसले उनलाई थप उग्र बनाउन पनि सक्छ । जे भए पनि ओलीले प्रश्न सहितको र विकल्पहरूमध्येको एउटा च्वाइसका रूपमा आफ्नो अस्तित्व स्वीकार गर्न कर लागेको छ । भित्र गुम्सिएको च्याम्बर भेन्टिलेट भएको छ ।

**गिर्दो वैधानिकता**

महाधिवेशनबाट ओली पुनः नेतृत्वमा आएका छन् । त्यसमाथि दशौं महाधिवेशनको जस्तो एकलौटी नभएर प्रतिस्पर्धाका आधारमा अत्यधिक मत पाएर विजयी भएका ओलीले आफ्नो वैधानिकता पुनः दाबी गरेका छन् । भदौ २३ र २४ को कहालीलाग्दो समयपछि पनि पार्टीमा यो स्तरको समर्थन कायम रहनु उनको राजनीतिक जीवनका लागि सन्तोषको विषय हो । यसलाई उनले अरू राजनीतिक दल, आम जनता, राज्यका निकायहरू र विदेशी सरोकार वालाहरूसमक्ष पनि आफ्नो वैधानिकताको प्रमाणका रूपमा पेश गर्नेछन् । तर यो कति राजनीतिक हो र कति प्राविधिक मात्र भन्ने प्रश्नले भने उनलाई पछ्याउन छाड्ने छैन ।

पहिलो, उनले महाधिवेशन आउनु पाँच महिना पहिले कमरेड विद्या भण्डारीको सदस्यता खोसेर आफूलाई चुनौतीविहीन बनाउन शक्तिको दुरुपयोग गरे । दोस्रो, विधान महाधिवेशनका बेला समेत नीति तथा कार्यक्रममा बहस हुन दिएनन् । यस्तो वातावरण निर्माण गरे कि फरक मतले प्रवेश पनि पाएन । स्थायी समितिका सदस्य कर्ण थापा आफ्नो मत पेश गर्न माग गर्दै आधा घण्टा फ्लोरमा उभिए पनि बोल्न अनुमति पाएनन् । प्रतिनिधि छनोटमा जिल्लाहरूमा फरक समूहमा लाग्नेको राजनीति सिध्याउने धम्की दिइयो, पार्टी विरोधी करार गरियो र ईश्वरहरूले पार्टी विभाजन गर्छन् भनेर मनोवैज्ञानिक त्रास फैलाइयो । १०८ जना प्रतिनिधि मनोनयन एकलौटी गरियो ।

दशौं महाधिवेशनमा ओलीले मनोनित गरेका सदस्यहरू नै केन्द्रीय कमिटीको अत्यधिक संख्या रहेको हुँदा तिनले पनि ओलीलाई सहयोग पुग्यो । पार्टीको अफिसियल स्रोत ओली र उनको समूहको प्रचारमा एकलौटी रूपमा प्रयोग भयो । त्यसैले यो प्रश्न अहिले पनि जीवित छ : ओलीले जित्न त जिते तर यो कति वैधानिक हो र कति प्राविधिक ? उनले जितेका हुन् कि कब्जा गरेका हुन् ? अर्को कुरा पनि यहाँ चर्चा गर्नु उपयुक्त हुनेछ । कमरेड ओलीले पार्टीलाई एकमना ढंगले आफ्नो मात्र कुरा सुन्ने, आदेश पालन गर्ने भक्तहरूको जत्थामा परिणत गर्न चाहेका थिए । फरक धारणा राख्नेलाई दमन गर्दै आएका थिए । ओली यस्तो सन्देश दिन चाहन्थे कि उनी विकल्पहीन हुन् । तर जतिले ईश्वरको समूहलाई (गोकर्ण, योगेश र सुरेन्द्र) मत दिए तिनले सिधै भने ओलीको पार्टी सञ्चालन शैली ठिक छैन (विष्ट र योगेशको मत कुल मतको ५० प्रतिशत भन्दा बढी हो) ।

तिमीले पार्टीलाई गलत बाटोमा लैजाँदै छौं । हामी बदल्न चाहन्छौं । यसले दिने सन्देश हो ओलीको आन्तरिक लेजिटिमेसी घटेको छ । प्रदीप ज्ञवालीको असन्तुष्टि, क्रस मतदान र अर्को खेमाका उम्मेदवारले पाएको समर्थनको स्तरले पनि ओलीको शक्ति र वर्चस्वमा ह्रास आएको संकेत गरिसकेको छ । उनी निकटका विष्णु रिमाल, शंकर पोखरेल, राजन भट्टराई र भानुभक्तले ल्याएको मतले पनि ओलीको इनर सर्कलप्रति उनकै गुटका कार्यकर्ताको नकारात्मक धारणा छ भन्ने पुष्टि गरेको छ ।

**योगेश-गोकर्णहरू अबका प्लेयर**


यो महाधिवेशनले प्रदीप ज्ञवाली, पीएस गुरुङ, विष्णु पौडेल लगायत कतिपय पहिलो लहरका नेताको कान्ति क्षय भएको पनि देखायो । बरु पराजित भएर पनि ईश्वर पोखरेलले आफ्नो उचाइ बढाए । पौडेलले खुलस्त नबोलेर आफ्नो भूमिका खुम्च्याए । पीएसले ओलीसामु आत्मसमर्पण गरे भन्ने बुझाइ उनका कार्यकर्ता र समर्थकमा पनि देखियो । यसले उनलाई राजनीतिक नोक्सानी भयो । प्रदीपले विचार, कार्यशैली र पद्धतिको कुरा नउठाएर लगाएको घुर्की उनका लागि नोक्सानदायक भयो । यो महाधिवेशनबाट एमालेमा सबैभन्दा बढी नाफामा योगेश भट्टराई, गोकर्ण विष्टहरू परे । उनीहरूले एमालेमा वैकल्पिक नेताका रूपमा आफ्नो छवि र भूमिका निर्माण गरे ।

**अझै भक्तिमार्ग निर्णायक**

दुई दिन पहिले सेतोपाटीका सम्पादक मित्र अमित ढकालले एमालेमा भक्तिमार्गमा चिरा परेको सन्दर्भ उल्लेख गर्दै एउटा अर्थपूर्ण आलेख प्रकाशित गरेका छन् । त्यो आंशिक रूपमा सही पनि हो । तीन दिन प्रदर्शनी मार्गको माहोल हेरेर एमालेका कार्यकर्ताहरूको मनोविज्ञान बुझेपछि एउटा कुरा भन्न सकिन्छ- एमालेमा समूहगत विरोध र प्रतिस्पर्धा त खुलेको छ तर अझै पनि विचार, सिद्धान्त र समसामयिक राजनीतिमा एमालेको स्थान र भविष्यका बारेमा हुनुपर्ने आलोचनात्मक बहस मर्दै गएको छ ।

क्रमशः पृष्ठ-३....

# मुद्रास्फीति न्यून बिन्दुमा झर्नु 'आर्थिक मन्दी' दोहोरिने संकेत हो ?




काठमाडौं/अर्थतन्त्रका वाह्य सूचक सबल देखिए पनि आन्तरिक गतिविधि विस्तार हुन सकेको छैन । समग्र बजारको मागमा सुधार आउन नसक्दा आन्तरिक अर्थतन्त्र सुस्तमात्र नभई मुद्रास्फीति पनि एक प्रतिशतमा झरेको छ । नेपाल राष्ट्र बैंकले विदेशी विनिमय सञ्चिति, आयात, निर्यात, शोधनान्तर लगायत अर्थतन्त्रका वाह्य सूचक हालसम्मकै बलियो अवस्थामा रहेको जनाएको छ । तर, आन्तरिक अर्थतन्त्रमा आम्दानीमा गिरावट, बेरोजगारी, कमजोर लगानीको अवस्था तथा न्यून आन्तरिक उत्पादन समस्या जटिल बन्दै गएको छ ।

आन्तरिक अर्थतन्त्रमा देखिएको समस्याले आर्थिक मन्दी दोहोरिने खतरा बढेको अर्थशास्त्री बताउँछन् । उनीहरूका अनुसार मूल्य स्थायित्व नभई अर्थतन्त्र सबल हुँदैन । मूल्यवृद्धि र आर्थिक वृद्धिको सम्बन्ध पनि सकारात्मक रहँदै आएको छ । नेपालका सन्दर्भमा पनि अहिले देखिएको न्यून मुद्रास्फीति अर्थतन्त्रका लागि सकारात्मक संकेत होइन । आर्थिक वृद्धिदर उच्च भयो भने मूल्यवृद्धि पनि उच्च हुने अर्थशास्त्री डा. निरज पौड्यालले बताए । 'हाम्रो अहिलेको मुद्रास्फीतिले सकारात्मक संकेत गर्दैन,' पौड्यालले भने,' यसले आर्थिक जटिलतातर्फ डाहोऱ्याएको स्पष्ट हुन्छ, मूल्यवृद्धि कम हुनुपर्छ भन्ने धारणा छ तर मूल्यवृद्धि धेरै कम हुनु पनि जोखिमपूर्ण हुन्छ र साथै धेरै उच्च अंकको मूल्यवृद्धि झनै बढी खतर नाक हुन्छ ।'

अहिले सर्वसाधारणले आफ्नो आम्दानीलाई खर्च वा लगानी नगरेको अवस्था छ । खर्च वा लगानी नबढ्नु भनेको आर्थिक सुस्तता हो । नेपालजस्तो देशको लागि वास्तवमा ५-६ प्रतिशतको मुद्रास्फीति उपयुक्त हुने बताउँदै पौड्यालले अर्थतन्त्रको अवस्था हेरेर मुद्रास्फीति कति ठिक कति बेठिक भन्ने निर्धारण हुने तर्क गरे । 'धनी देशहरूका लागि भनेको २, ३ प्रतिशतको मुल्यवृद्धि पनि बढी हुन सक्छ,' उनले भने, 'किनभने, उनीहरूको आर्थिक वृद्धिदर पनि हुँदैन, अर्थतन्त्र एउटा तहमा पुगेर रोकिएको हुन्छ ।'

मूल्यवृद्धि जति कम हुँदा आर्थिक वृद्धि हुने सम्भावना उत्तिकै न्यून हुने उनको बुझाइ छ । त्यसैले पछिल्लो समयमा राष्ट्र बैंकले मुद्रा आपूर्ति (मनी सप्लाई) घटाउँदै आएको छ । त्यस्तै बजारमा देखिएको तरलता पनि खिच्ने क्रम जारी राखेको छ । केन्द्रीय बैंकले मनी सप्लाई कम गर्नु वा तरलता खिच्नु भनेको मूल्यलाई बढाउन खोजेको पौड्यालको भनाइ छ । अहिलेको मुद्रास्फीतिले आर्थिक शिथिलताको अवस्था छर्लङ्ग पारेको उनले बताए । 'प्रविधिक रूपमा आर्थिक मन्दी भन्न नमिल्ने भए पनि अवस्थामा फरक छैन,' उनले थपे । उनका अनुसार अर्थतन्त्र सुस्त भइसकेको हुनाले चालु आवको आर्थिक वृद्धिदर न्यून हुने पक्का छ । कहिलेकाहीँ मूल्यवृद्धि पनि उच्च, आर्थिक वृद्धिदर पनि कम भएको अवस्था पनि हुने बताउँदै उनले त्यसलाइ 'स्ट्यागफ्लेसन' भनिने जानकारी दिए ।

त्यसैगरी अर्का अर्थशास्त्री डा. डिल्लीराज खनालले मूल्य स्थायित्व नभएको खण्डमा आर्थिक स्थायित्व पनि सम्भव नहुने बताए । खनालका अनुसार मूल्यवृद्धि न्यून हुँदा ब्याजदर घट्ने, लगानीको प्रतिफल नहुने, निजी क्षेत्र निरुत्साहित जस्ता समस्या हुन्छ । निजी क्षेत्रको लगानी निरुत्साहित भएपछि त्यसले अर्थतन्त्रमा प्रत्यक्ष असर पर्ने उनको भनाइ छ । 'अर्थतन्त्रमा निजी क्षेत्रको योगदान नै ८१ प्रतिशत रहेको दाबी छ, धेरै कम भयो भने अर्थतन्त्र संकुचित हुन्छ,' खनालले भने, 'मान्छेको हातमा पैसा हुन्न, खरिद गर्ने क्षमता हुँदैन, त्यसले समग्र अथतन्त्रलाई नै नकारात्मक बनाउँछ ।'

मौद्रिक स्थायित्व भनेको पनि यसैको व्यवस्थापन रहेको उनले बताए । पछिल्लो समय मुद्रास्फीति भारतका कारणले पनि न्यून भएको उनले बताए । 'भारतमा मुल्यवृद्धि ०.७१ प्रतिशतमात्र भएकाले नेपालमा आयात हुँदा पनि कम भित्रिएको हो, नेपालको कुल आयातमा भारतसँग मात्रै ८१ प्रतिशत हिस्सा छ,' उनले भने, 'त्यसले गर्दा पनि आयातित मूल्यवृद्धि नै न्यून हुँदा नेपालको मुद्रास्फीति कम भएको हो ।' आन्तरिक रूपमा अधिक तरलता भयो तर माग तथा लगानी बढेन, सर्वसाधारणको क्रयशक्तिमा सुधार नआएपछि घटेको मूल्यवृद्धिले अर्थतन्त्र ओरालो लागेको संकेत गर्ने उनको विश्लेषण छ ।

राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार चालु आव कात्तिकको मुद्रास्फीति १.११ प्रतिशतमा झरेको छ । यो पछिल्लो ५० वर्षयताकै न्यून हो । चालु आव कात्तिकसम्म विदेशी विनिमय सञ्चिति ३० खर्ब ५५ अर्ब पुगेको छ । त्यसैगरी रेमिट्यानस आप्रवाह ३१.४, निर्यात ७७.५ र आयात १८.७ प्रतिशतले बढेको छ । सरकारको खर्च ४ खर्ब ६८ अर्ब ८८ करोड र राजस्व परिचालन ३ खर्ब २६ अर्ब ५५ करोड छ । त्यसैगरी यो अवधिमा बैंकिङ क्षेत्रबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.२ प्रतिशतले मात्रै बढेको छ । यी तथ्यांक हेर्दा पनि अर्थतन्त्र चलायमान हुन नसकेको स्पष्ट हुन्छ ।

मूल्यवृद्धि १ प्रतिशतमा आउनु त्यति सकारात्मक नभएको अर्का अर्थशास्त्री डा. रमेशचन्द्र पौडेलले बताए । उनका अनुसार राष्ट्र बैंकले तोकेको सीमाभन्दा तल मूल्यवृद्धि कायम भएकाले सकारात्मक देखिए पनि अर्थतन्त्रका लागि राम्रो नभएको उनको भनाइ छ । 'मुद्रास्फीति घट्दा उत्पादनका साधनहरूको ज्याला पनि त्यसैगरी घट्छ,' पौडेलले भने, 'पूँजी उपयुक्त प्रतिफल पनि नपाउने अवस्था रह्यो ।' उत्पादनका साधनहरू हतोत्साहित हुने पनि पौडेलको बुझाइ छ । '२ प्रतिशतभन्दा तलको मुद्रास्फीतिले उत्पादनका गतिविधि निरुत्साहित गरेको छ,' पौडेलले भने, 'मुद्रास्फीति १ प्रतिशतमा आउनु भनेको समस्या हो ।'

तर, यस्तो समस्याले गरिबलाई क्षति नपुऱ्याउने उनको तर्क छ । साथै, समग्र मागलाई क्षति नपुऱ्याए पनि उत्पादन बढाउने गतिविधि प्रोत्साहन नगर्ने उनको विश्लेषण छ । 'वर्किङ क्लासलाई सामान किन्दा सस्तो पर्ने भयो, तर यसको असर प्रडक्टिभिटी कम भएको हुनाले ज्यालामा पनि पर्छ,' उनले भने । निर्यात उच्च भएको अवस्थामा मुद्रास्फीति न्यून भएको भए सकारात्मक हुन सकिन्थ्यो, यसले रोजगारी सँगै निर्यात बढाउँथ्यो । 'हाम्रो निर्यात भनेको उत्पादन आयात गर्ने अनि त्यसलाई पुन: निर्यात गर्ने हो,' पौडेलले थपे, 'रोजगारीविहीन निर्यात (जबलेस एक्सपोर्ट) मा मुद्रास्फीति घट्नु भनेको एकखालको मन्दीको संकेत हो ।'

अहिलेको अर्थतन्त्रमा देखिएको समस्याको समाधान 'कस्ट अफ प्रडक्सन' तथा मुद्रास्फीति घटेको बेलामा लगानीका नयाँ रणनीति बनाउनु रहेको पौडेलको सुझाव छ । सरकारले पूँजीगत खर्च बढाउने उपाय सोच्नुपर्ने उनको भनाइ छ । सरकारले समयमा खर्च र लगानीका नीतिलाई नयाँ रणनीति साथ अघि बढाउन आवश्यक रहेको उनले बताए । 'राम्रो देखिने तर भित्रीरूपमा अर्थतन्त्र अप्ठ्यारो परेको छ,' उनले भने । चालु आव पाँच महिनासम्म सरकारको पूँजीगत खर्चको अवस्था ८ प्रतिशतमा सीमित छ । केन्द्रीय बैंकका विभिन्न अध्ययनले पनि नेपालको मूल्यवृद्धि ६ देखि ७ प्रतिशतसम्म हुनुपर्ने देखाएका छन् । चालु आव सरकारले नै मुद्रास्फीति ५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिएको र सोही अनुसार केन्द्रीय बैंकले मनी सप्लाई व्यवस्थापन गर्ने जनाएको छ ।

सरकारले ५ प्रतिशतको मुद्रास्फीति मार्फत ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखेको छ । तर, चालु आव कात्तिकको मुद्रास्फीतिले अर्थतन्त्र स्थिर छ भन्ने स्पष्ट भएको राष्ट्र बैंकका एक पूर्वकार्यकारी निर्देशकले बताए । 'आर्थिक गतिविधिमा सुधार नै नभए पनि मन्दी दोहोरिने देखिन्छ,' ती पूर्वकार्यकारी निर्देशकले भने, 'मुद्रास्फीतिको तथ्यांकमा केन्द्रीय बैंकले पुन: एक पटक गणना विधिमा समीक्षा गर्नुपर्ने देखिन्छ ।' कर्जा माग बढेको छैन, वित्तीय क्षेत्रको ब्याजदर समेत न्यून बिन्दुमा आएको अवस्थामा समेत लगानी बढ्ने तथा उत्पादनमा सुधार आउने संकेत नै नहुनु भनेको अर्थतन्त्रका लागि आगामी दिन सहज छैन भन्ने रहेको उनको तर्क छ ।

चालु आव पहिलो त्रैमासको कुल गार्हस्थ उत्पादन (जीडीपी) को अनुमान आउन बाँकी भएकाले मन्दी नै नदोहोरिए पनि अर्थतन्त्र सहज अवस्थामा नभएको उनको बुझाइ छ । आन्तरिक उत्पादनका कारण भन्दा भारतका कारण मूल्यवृद्धिमा कमी आएको उनको भनाइ छ । कोरोना महामारीमा पनि अत्यधिक आयातका कारण अपनाइएका कसिला नीतिका कारण मन्दीमा पुगेको अर्थतन्त्रमा उत्पादन नबढ्दा पुन समस्या दोहोरिन सक्ने राष्ट्र बैंकका एक अधिकारीले बताए ।

निरन्तर घट्दो मुद्रास्फीति आर्थिक गतिविधि, आन्तरिक उत्पादन विस्तार र माग सिर्जनाका लागि सकारात्मक नभएको उनको भनाइ । आर्थिक गतिविधिको अवस्था यस्तै रहेको खण्डमा अर्थतन्त्र पुन: मन्दीमा जाने उनको विश्लेषण छ । आर्थिक गतिविधि सुस्त भएसँगै उपभोग र उत्पादन घटेको, विगतको तुलनामा इन्धनको मूल्यमा कमी आएको तथा अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा विगतको तुलनामा थप कमजोर हुँदा आर्थिक गतिविधि बढाउन सहज नभएको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'कुमारी'को दोस्रो गीत 'तिमी बिना' रिलिज, प्रेमिल देखिए आकृति र अबिषेक



काठमाडौं/प्रणय दिवसको छेको पारेर आगामी माघ २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कुमारी'को दोस्रो गीत 'तिमी बिना' सार्वजनिक गरिएको छ । प्रेमिल भाव सिर्जना गर्ने यस गीतमा चर्चित गायक केहर सिंह लिम्बूले स्वर दिएका छन् । गीतमा शब्द सुमन तामाङको रहेको छ भने संगीत सुमन र केहरको छ ।

गीतको भिडियोमा फिल्मका मुख्य जोडी आकृति राजभण्डारी र अबिषेक खड्कालाई देख्न सकिन्छ । उनीहरूबीचको प्रेम र आत्मीयतालाई आकर्षक ढंगले चित्रण गरिएको भिडियोमा सुशन प्रजापतिको उत्कृष्ट छायांकन कौशलले दृश्यको सौन्दर्यलाई अझ निखारेको छ । फिल्ममा यो गीतले कथावाचनलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको निर्माण पक्षले जनाएको छ ।

'आइ एम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता रोमान्टिक फिल्ममार्फत दर्शकमाझ चिनिएका दिनेश राउतले 'कुमारी'को निर्देशन गरेका हुन् । उनले ८ वर्षपछि लभस्टोरी फिल्म बनाएका हुन् । यसमा अबिषेक र आकृतिसहित घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने लगायतको पनि अभिनय रहेको छ ।

बिनिश इन्टरटेन्मेन्ट, पिक्चर फ्रेम र केन्द्र मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको यस फिल्मका निर्माता महेन्द्र अधिकारी हुन् । उनले यसअघि राउतकै निर्देशनमा फिल्म 'प्रकाश' बनाएका थिए । केदार भुसाल कार्यकारी निर्माता रहेको फिल्ममा विकास सुवेदीको लेखन, सुप्रिम पराजुलीको सम्पादन तथा किरण थापा र शिशिर खातीको कोरियोग्राफी छ ।

# शो बाँडफाँडमा 'अवतार ३' हावी, चेपुवामा पऱ्यो 'झरीपछिको इन्द्रेणी'






काठमाडौं/विदेशी र स्वदेशी फिल्मप्रति नेपालका हल सञ्चालकहरूको व्यवहार सधैंजसो विभेदपूर्ण रहँदै आएको छ । ठूला विदेशी फिल्म प्रदर्शनमा आउँदा नेपाली फिल्मलाई सीमित शो, त्यो पनि अफ-टाइममा दिएर पन्छ्याउने प्रवृत्ति पटक-पटक देखिँदै आएको छ । यो विभेद भोलि शुक्रबारदेखि प्रदर्शन हुन लागेको नयाँ फिल्म 'झरीपछिको इन्द्रेणी'ले पनि भोगिर हेको छ ।

शुक्रबार हलिउडको सर्वाधिक प्रतिक्षीत फिल्म 'अवतार ३' पनि प्रदर्शन हुँदैछ । यो फिल्मप्रति दर्शकको क्रेजलाई मध्यनजर गर्दै देशका धेरैजसो हलले १० दिनअघि नै टिकट बुकिङ खुला गरेका थिए । फिल्मको टिकट बिक्री उत्साहजनक पनि देखिएको छ । तर, यो फिल्मलाई हलवालाहरूले शो वितरणमा बढी नै काखी च्याप्दा 'झरीपछिको इन्द्रेणी' उपेक्षामा परेको छ ।

बिहीबार मध्यान्हसम्म 'अवतार ३'को अंग्रेजी र हिन्दी भर्सनलाई देशव्यापी २०५ शो उपलब्ध छ । काठमाडौंका केही मल्टीप्लेक्सले फिल्मलाई दिनमा ९ वटासम्म शो दिएका छन् । तर, 'झरीपछिको इन्द्रेणी'लाई धेरैजसो मल्टीप्लेक्सले शुक्रबारका लागि बढीमा २ शो दिएका छन् । कतिमा एउटा मात्रै शो छ । खल्ती एपमा अहिलेसम्म फिल्मको देशव्यापी शो ५२ वटा मात्र देखिएको छ ।

'झरीपछिको इन्द्रेणी'ले अपेक्षाअनुरुप शो नपाए पनि केही मल्टीप्लेक्समा टिकट बिक्री सुखद् देखिएको छ । केही शो 'सोल्डआउट' समेत भएका छन् । अब 'वर्ड अफ माउथ' बलियो भएर फिल्मप्रति दर्शक आकर्षित भए भने शनिबारबाट शो स्वत: बढ्नेछ । तर, यो फिल्मलाई बक्स अफिसमा 'अवतार ३'सँगको प्रतिस्पर्धा सहज भने देखिँदैन ।

कलाकार अर्जुन घिमिरे (पाँडे)को निर्देशनमा बनेको फिल्ममा अर्जुनसहित गणेश उप्रेती, रमेश उप्रेती, प्रकाश घिमिरे, दीपाश्री निरौला, सरिता गिरी, देशभक्त खनाल, निर्मल शर्मा, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, प्रियना आचार्य, अंशु महर्जन, राजेन्द्र नेपाली लगायतको अभिनय रहेको छ । गणेशले यही फिल्मबाट ९ वर्षपछि कमब्याक गरेका हुन् ।

# माओत्से गुरुङले सुरु गरे 'पेन्सन पट्टा'को छायांकन

काठमाडौं/कलाकार माओत्से गुरुङको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'पेन्सन पट्टा'को छायांकन सुरु गरिएको छ । बिहीबार कास्की जिल्लाको ताङतिङ गाउँमा शुभ मुहूर्त गरेपछि फिल्मका मुख्य दुई कलाकार पशुपति राई र गौमाया गुरुङले पहिलो सट दिए । फिल्मको सोही गाउँमा ३५ दिनसम्म छायांकन हुने जनाइएको छ ।

निर्देशक गुरुङ स्वयंको लेखन रहेको यस फिल्ममा पशुपति र गौमायासहित दयाहाङ राई, सुनिल थापा, बुद्धि तामाङ, विल्सन विक्रम राई, सुनिल थापा, राज थापा काउछा, लुनिभा तुलाधर, यासिली राई लगायतको अभिनय रहनेछ । गुरुङ फिल्ममा लोकप्रिय मानिएका विश्वास गुरुङ र माया गुरुङले 'पेन्सन पट्टा'मार्फत मुलधारको फिल्ममा डेब्यु गर्दैछन् । माओत्से गुरुङ फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्ममा मीन कोन्मे गुरुङ (सिकलेस), भोज बहादुर गुरुङ (बेलायत) र सपना गुरुङ निर्मातामा छन् । यसमा सुशन प्रजापतिको छायांकन रहनेछ भने झुमा लिम्बू, मनोज थापा मगर र शिव बराइलीले गीतहरू तयार पार्नेछन् । फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने कथा पेश गर्नेछ ।

# एमाले महाधिवेशन....

महाधिवेशनका प्रतिनिधिलाई कमरेड ईश्वर पोखरेलले वितरण गरेको अपिलमाथि मैले भेटेका कसैले पनि चर्चा गरेनन् । भदौ २३ र २४ गतेका घटनाका कार्यकारण सम्बन्धहरू, त्यसमा एमालेको भूमिका र आगामी दिनमा नेपालको उदार लोकतन्त्रवादी संविधानको भविष्य, कम्युनिस्ट आन्दोलन, कम्युनिस्ट पार्टीको भविष्यका बारेमा कसैले पनि चर्चा गरेको मैले देखिनँ, भेटिनँ ।

आउने निर्वाचन भएन भने के होला अथवा निर्वाचनले पनि समाधान दिएन भने देश कता जाला भन्ने चिन्ता पनि सुनिएन । आर्थिक रूपले जर्जर बनेको देशको भविष्यको चिन्ता पनि त्यहाँ सुनिएन । ओली समूहमा भक्तिमार्ग नै एक मात्र मुक्तिको बाटो हो भन्ने मनोविज्ञान बलशाली थियो । ओलीपक्ष महाधिवेशनलाई सत्ता कब्जाको एकसूत्रीय कार्यसूचीमा केन्द्रित गराउन चाहन्थ्यो । त्यसै तहको प्रतिवाद गर्नमा ईश्वर पक्ष सक्रिय थियो । विचार र पार्टीको भविष्यका कुरा सबै ओझेलमा थिए । मैले भेटेका केही प्रतिनिधि र समर्थकहरू ओली या शंकर लगायत व्यक्तिका आलोचक थिए तर विचारले नै समस्या सिर्जेको हो भन्ने अनुभूति थिएन । पार्टी जीवनको लोकतन्त्रीकरणलाई मुख्य मुद्दा बनाएको ईश्वर समूहले पनि विचारलाई प्राथमिकताका साथ बहसमा लैजाने र प्रतिनिधि तथा उम्मेदवार छनोटमा त्यसलाई आधार बनाउने कुरामा पर्याप्त ध्यान दिएको देखिँदैनथ्यो ।

**प्रदीप ज्ञवालीले गुमाएको मौका**

अघिल्लो लेखमा मैले गुण्डु समूहका बारेमा लेख्दै गर्दा कमरेड प्रदीप ज्ञवालीका बारेमा पनि उल्लेख गरेको थिएँ । तर गुण्डु समूहले उनलाई पनि ऐन मौकामा इच्छा विपरित उपाध्यक्षमा उम्मेदवार बन्न अह्रायो । उनले आफूलाई शंकर पोखरेल भन्दा सिनियर रहेको र पार्टी तथा ओली समूह दुवैमा बढी योगदान गरेको दावी गरेका थिए । हुन पनि उनी २०५९ अघिबाटै बनेको ओली समूहमा सधैं लोयल रहेका थिए । उनले आफूलाई यसपटक पनि अवसर नदिएकोमा चित्त दुखाए र केन्द्रीय सदस्य पदमा मात्र उम्मेदवारी दिए ।

यहाँसम्म ठिकै पनि थियो । आफ्नो चित्त कुँढाएरै पनि अध्यक्षका पक्षमा उभिइरहनु, सहयोग गर्नु समूह पक्षधरका लागि स्वाभाविक पनि हो । तर उनले आफ्नो पीडा लुकाउन सकेनन् र उम्मेदवारी मनोनयन स्थलमा भक्कानिए । भोलिपल्टै उनै शंकर पोखरेललाई मत माग्दै पनि हिंडे । यसले उनको राजनीतिक कच्चापन मात्र उजागर गरिदियो । प्रदीपले यतिबेला कमसेकम पार्टीमा ओली र शंकरले हुर्काएको अराजनीतिक चरित्रका विपक्षमा बोल्न र पार्टीलाई सुधारतिर लैजान अपिल गरेको भए पार्टीका लागि ठूलो योगदान हुन्थ्यो । प्रदीप ज्ञवालीले जिल्लाहरूमा पार्टी प्रतिनिधि छान्न गरिएका जालझेलको विरोध गरेनन् । प्रतिनिधि मनोनयनमा एकलौटी गरिंदा विरोध गरेनन् । पुराना र दु:खको बेला योगदान गरेका नेता, कार्यकर्तालाई अपमान गर्दै अराजनीतिक व्यक्तिहरूलाई पार्टीले प्रतिनिधि या केन्द्रीय कमिटीमा अवसर दिंदा त्यसको विरोध गरेनन् । गुण्डु समूहले कमरेड ईश्वर पोखरेल र उनको समूहका अरू नेताको बदख्वाईं र अपमान गर्दा त्यसो नगर्न कहिल्यै भनेनन् । र मतदान अगाडि पार्टीका प्रतिनिधिहरूलाई स्वतन्त्र र भयरहित भएर विवेकपूर्ण रूपमा मत दिन अपिल पनि गरेनन् ।

ओली शंकरका हरेक क्रियाकलापलाई समर्थन गरिरहनु र बाहिर आँसु बगाउनु उनको जत्तिको राजनीतिक इतिहास र व्यक्तित्व भएका नेताका लागि सुहाउँदो कुरा थिएन । उनले समेत गोडमेल, मलजल गरेर जस्तो संस्कृति पार्टीभित्र हुर्काइएको थियो त्यस्तै फल्यो । यो त भाइलाई दुइटा मिठाई मलाई एउटा मात्र भनेर केटाकेटीले रोए जस्तो देखिन गयो । उनले आफ्नो मात्र मत आए पनि महासचिवमा प्रतिस्पर्धा गर्छु भनेर उम्मेदवारी दिएको भए यो संघर्ष अर्थपूर्ण हुन्थ्यो ।

पार्टी कति गलत ढंगले चलेको छ भन्ने कुरा त अनुशासन आयोगको अध्यक्षबाट विदा लिएर राजनीतिक निवृत्तितिर लागेका कमरेड केशव बडालले ग्लोबल टकलाई दिएको अन्तर्वार्तामा व्यक्त गरेको विचार र भावनाले देखाउँछ । यसमा पनि कमरेड ज्ञवाली चुप लागे । कठोर राजनीतिका निर्मम क्षणमा चाहिने भन्दा बढी नै भावुक बनेर कमरेड ज्ञवालीले नेता बन्ने अवसर गुमाउन पुगे । अझै पनि, भविष्यमा पार्टीको महासचिव या अध्यक्ष पनि हुने सम्भावना कायमै रहेका कमरेड प्रदीपलाई शुभकामना दिंदै म यति भन्छु- पद्धति राम्रो बनाउनमा समय खर्चिनुस् अनि मात्र तपाईंले जस्तो अरूले पनि पार्टीमा अन्याय भएको महसुस गर्नुपर्ने छैन । मन हो नेताको पनि दुख्छ, जनताको पनि दुख्छ । भदौ २३ गते गोलीले जीवन छिनिएका कलिला युवायुवती सम्झेर आँसु नबगाउने र उनीहरूका आफन्तको पीडामा नुन छर्कंदै त्यो बलिदानको दानवीकरण गर्न छाड्नुस् ।

*(साभार: अनलाइनखबर)*

# उच्च अदालतले के आधारमा रविलाई थुनामुक्त गर्न आदेश दियो ?

काठमाडौं/उच्च अदालत तुलसीपुरको बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई हुनसक्ने सम्भावित बिगो रकम स्विकार गरी थुनामुक्त गर्न आदेश दिएको छ । न्यायाधीशहरू बासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले २६ साउन, २०८२ मा जिल्ला अदालत रुपन्देहीले जमानत लिन गरेको अस्वीकार बदर गरेको हो ।

उच्च अदालतले बैंक जमानत बापत पेश गरेको रकम सुरक्षित गर्न, धरौटी रकम स्वीकार गर्न आदेश दिएको हो । जिल्ला अदालत रुपन्देहीले अब रविले पेश गरेको दुई करोड ७४ लाख रुपैयाँ बैंक ग्यारेन्टी स्वीकार गर्नुपर्नेछ । अनि माघ, २०८१ मा पेश गरेको एक करोड धरौटी पनि लिनुपर्नेछ । 'रवि लामिछानेले बिगोको हकमा दामासाहीले हुने रकम जमानत दिई बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखियो,' उच्च अदालतको आदेशमा भनिएको छ, 'बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता देखिँदा लामिछानेले दिएको बैंक जमानत निम्न शर्तमा स्वीकार गरी मुद्दाको कारबाही अगाडी बढाउनू ।'

उच्च अदालतले सुप्रिम सहकारीबाट रवि कार्यरत गोर्खा मिडियामा प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो रकम बैंक ग्यारेन्टी राख्न खोजेकाले त्यसलाई स्वीकार्न भनेको हो । उच्च अदालतले रवि लामिछाने व्यक्तिगत वा संस्थागत रुपमा विदेश यात्रा गर्नुपर्नेमा अदालतलाई पूर्वजानकारी दिनुपर्ने भनेको छ । त्यसका साथै पछि मूल मुद्दाको फैसलामा ठहर भए अनुसारको बिगो रकम तिर्न मञ्जुर भए त्यसमा समेत रवि लामिछानेलाई कागज गराउन र थुनामुक्त भनेको छ ।

उच्च अदालतले छविलाल जोशीको हकमा सक्कल प्रमाण सहित निवेदन दिएमा उनलाई थुनामा राख्ने विषयमा समेत पुनर्विचार गर्नु भनी आदेश गरेको हो । १३ माघ, २०८१ मा जिल्ला अदालत रुपन्देहीले सुप्रिम सहकारी ठगीको आरोपमा मुछिएका लामिछानेसँग एक करोड रुपैयाँ धरौटी मागेको थियो । उनी धरौटी बुझाएर छुटे । पछि उच्च अदालतको बुटबल इजलासले जिल्ला अदालतको आदेश उल्ट्याउँदै रविलाई थुनामा पठाउने आदेश गऱ्यो, जसलाई सर्वोच्च अदालतले पनि सदर गरेको थियो ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# लैङ्गिकहिंसाविरुद्ध समन्वय सुदृढ गर्न प्रदेशस्तरीय सम्मेलन



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/ लैङ्गिक हिंसाको अन्त्य र न्याय सुनिश्चितताको लागि १२ बुँदे बागमती प्रदेश मागपत्र २०८२ बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईलाई बुझाइएको छ ।

बिहिबार हेटौंडामा भएको लैङ्गिकहिंसा प्रतिकार्य संयन्त्र सुदृढीकरणका लागि संघीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय, सहकार्य र भूमिकासम्बन्धी प्रदेशस्तरीय सम्मेलनमा मागपत्र बुझाइएको हो । बागमती प्रदेशस्तरीय महिला सम्मेलनबाट पारित भएको मागपत्र यौनहिंसाविरुद्ध अभियान चितवनकी सावित्री पौडेलले उपसभामुख चापागाईले मागपत्र बुझाएकी हुन् । कार्यक्रममा उपसभामुख चापागाईले लैंगिकहिंसा अन्त्य गर्नको लागि हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बताइन् । उनले राज्य संरचनामा सुधार नहुँदासम्म लैंगिकहिंसा अन्त्य गर्न नसकिने बताइन् । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका जस्ता अंगमा प्रभावकारी ढंगले सुधार गरी लैंगिकहिंसा अन्त्य गर्न सकिने उनको भनाई छ ।

उपसभामुख चापागाईले हरेक तहमा बसेकाहरुले इमानदारी पूर्वक आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गरिन् । शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलाको सहज पहुँच हुनुपर्नेमा उनले जोड दिइन् । उपसभामुख चापागाईले दलित, पिछडिएका वर्गको हितको लागि सबैले एकआपसमा हातेमालो गर्नुपर्ने बताइन् । उनले बागमती प्रदेश सभामा समानुपातिक प्रतिनिधित्व भएको उल्लेख गरिन् । मागपत्रमा संविधानमा उल्लेख भएका सम्मानपूर्वक बाच्न पाउने हक, समानताको हक, रोजगारीको हक लगायतको उचित कार्यान्वयन गर्न माग गरिएको छ ।

हिंसा प्रभावितहरुलाई नै प्रमाण संकलन गर्न बाध्य पार्ने अवस्था अन्त्य गरी राज्यका निकायलाई अनुसन्धान र न्यायिक प्रक्रियामा जिम्मेवार बनाउने नीति निर्माण गर्नुपर्ने उल्लेख गरिएको छ । सरकारले स्थानीय तहमा न्यायिक डेस्क स्थापना गरी जोखिममा रहेका महिलाको अधिकारको रक्षा गर्नुपर्ने, न्याय पहुँच र सेवाप्रवाहमा सुनिश्चितता हुनुपर्ने, समुदाय तहका सहयोगी संयन्त्रको तत्काल व्यवस्था हुनुपर्ने, हिंसा प्रभावित महिलाको मनोबल बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने मागपत्रमा उल्लेख गरिएको छ ।

महिलालाई आर्थिक रुपमा सबल बनाउन उनीहरुको व्यावसायिक सीप, क्षमतामा विकास गर्नुपर्नेमा जोड दिइएको छ । एक्सोनेट नेपालको आर्थिक सहयोग तथा मकवानपुर महिला उत्थान समाज, चितवन सक्रिय महिला प्रतिष्ठान, महिला अधिकारका लागि राष्ट्रिय अभियान, मानवअधिकार संरक्षण तथा मानवबेचविखनविरुद्ध जिल्ला सञ्जाल मकवानपुर र यौनजन्य हिंसाविरुद्धको साझा अभियान चितवनको सयुक्त समन्वय र सहकार्यमा सम्मेलनको आयोजना भएको हो ।

कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ गरी प्रतिकार्य प्रणाली मजबुत बनाउने उपायको विषयक प्यानल डिस्कसन भएको थियो । राष्ट्रिय महिला आयोगकी उपसचिव रोशनी कार्कीले सहजीकरण गरेको प्यानल डिस्कसनमा सामाजिक विकास महाशाखाप्रमुख अमृत अधिकारी, उच्चसरकारी वकिल कार्यालयका सहन्यायधिवक्ता अशोकराज रेग्मी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटी र ओसिएमसी भरतपुरका फोकल पर्सन हीरादेवी ढुंगाना सदस्यको रुपमा रहेका थिए ।

चितवन सक्रिय महिला प्रतिष्ठानकी उपाध्यक्ष दीक्षा रिमालको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, बागमती प्रदेश प्रहरीप्रमुख अरुण पौडेल, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सुवासचन्द्र बोहरा, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायत महिला अधिकारकर्मीको उपस्थिति रहेको थियो ।

# एमाले केन्द्रीय सदस्यमा मकवानपुरबाट ५ जना विजयी



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/ मकवानपुरबाट ५ जना नेकपा एमालेको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । काठमाडौंमा सम्पन्न नेकपा एमाले ११ औं महाधिवेशनको अन्तिम चुनावी मतपरिणाममा केन्द्रीय सदस्यमा भारती पाठक, रामेश्वर राना, महेश बर्तौला, एकालाल श्रेष्ठ र नवीन सिग्देल विजयी भएका हुन् ।

एमाले अध्यक्ष केपी शर्माओली प्यानलमा रहेका ५ जनाले निर्वाचनमा जित निकालेका हुन् भने चुनावी प्रतिस्पर्धामा रहेका २ जना पराजित भएका छन् । मकवानपुरबाट केन्द्रीय सदस्यमा ७ जनाको उम्मेदवारी रहेकोमा कृष्ण दाहाल र देवकृष्ण विक पराजित भएका छन् । पराजित भएका दाहाल र विक ईश्वर पोखरेल प्यानलबाट उम्मेदवारी दिएका थिए । बागमती प्रदेशसभाकी सदस्यसमेत रहेकी पाठकले (महिला) क्लस्टरबाट केन्द्रीय सदस्यमा जित निकालेकी हुन् । उनले १ हजार ९१५ मत प्राप्त गरेकी छन् ।

पूर्वसांसद एवम् एमालेका मुख्यसचेतक महेश बर्तौलाले खुला क्लस्टरमा उम्मेदवारी दिएर जित निकालेका छन् । उनले १ हजार ५२९ मत प्राप्त गरेका छन् भने नेकपा एमाले मकवानपुरका इन्चार्ज रानाले बागमती प्रदेश भूगोल तर्फको खुल्ला क्लस्टरमा केन्द्रीय सदस्यमा जित निकालेका छन् । उनले १ हजार ४९८ मत प्राप्त गरेका छन् । त्यस्तै बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले केन्द्रीय सदस्यमा आदिवासी जनजाति खुल्ला क्लस्टरमा जित निकालेका हुन् । उनले १ हजार ५०९ मत प्राप्त गरेका छन् भने हेटौंडा-४ का वडाअध्यक्ष समेत रहेका सिग्देलले केन्द्रीय लेखा आयोग सदस्यमा जित निकालेका छन् ।

सिग्देलले कुल १ हजार ६१४ मत ल्याएर विजयी भएका हुन् । लेखा आयोग सदस्यमा निर्वाचित भएका सिग्देल एमाले मकवानपुरका पूर्वसचिव हुन् । यसअघि चितवनमा भएको १० औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्विरोध चुनिएका रामेश्वर राना, भारती पाठक केन्द्रीय सदस्य रहेका थिए । बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने एमाले केन्द्रीय पदाधिकारी हारेका उम्मेदवारले केन्द्रीय सदस्यमा जित निकालेका छन् । केन्द्रीय पदाधिकारी उपाध्यक्षमा हारेकी बिन्दा पाण्डेले केन्द्रीय सदस्यमा जित निकालेकी छिन् भने सचिव पदमा हारेका गोकुल बास्कोटा र रचना खड्काले केन्द्रीय सदस्यमा भने जितेका हुन् ।

पाण्डेले उपाध्यक्ष पदमा ९२१ मत प्राप्त गर्दा केन्द्रीय सदस्य पदमा १ हजार १२१ मत ल्याएकी छिन् । उनले केन्द्रीय सदस्य खुल्ला क्लष्टरमा आवश्यक ७२ पदमध्ये ५९ औं स्थानमा रहेकी छिन् । त्यस्तै सचिवमा १ हजार ३० मा पाएर पराजित भएका बास्कोटाले खुल्ला केन्द्रीय सदस्यमा ४८ स्थानमा रहेर १ हजार १९५ मत पाएका छन् भने सचिव पदमा हारेकी खड्का ५७ स्थानमा रहेर १ हजार १२४ मत पाएकी छिन् ।

# युवालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित कफी बनाउने तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/युवालाई सीपयुक्त, आत्मनिर्भर र रोजगारीतर्फ उन्मुख गराउने उद्देश्यले १५ दिने कफी बनाउने तालिम हेटौंडामा औपचारिकरुपमा उद्घाटन गरिएको छ ।

बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश, उद्योग तथा वाणिज्य कार्यालयको आर्थिक सहयोग तथा सिआन पुनर्स्थापना केन्द्र, हेटौंडाको आयोजनामा सञ्चालन हुन लागेको तालिममा विशेषत:उपचार रत युवालाई प्राथमिकतामा राखिएको छ । प्रमुखअतिथि उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठले युवालाई सीपमूलक तालिममार्फत स्वरोजगारमा जोड्नु आजको आवश्यकता भएको बताइन् ।

उनले भनिन् 'पुनर्स्थापना केन्द्र केवल उपचार गर्ने स्थानमात्र होइनन्, यहाँबाट नयाँ जीवनको सुरुवात हुनुपर्छ । कफी जस्ता सीपले युवालाई आत्मसम्मानसहित आत्मनिर्भर बन्न सहयोग पुर्‍याउँछ । प्रदेश सरकारले यस्ता कार्यक्रमलाई निरन्तर समर्थन गर्नेछ ।' कार्यक्रमका विशेष अतिथि राष्ट्रिय मानवअधिकार आयोग, बागमती प्रदेश कार्यालय प्रमुख चन्द्रकान्त चापागाईंले पुनर्स्थापना र मानवअधिकार एकअर्कासँग गहिरोरुपमा जोडिएको विषय भएको उल्लेख गरे ।

'सीप विकास र रोजगारीको अवसरबिना पुनर्स्थापना अपूरो हुन्छ । यस्तो तालिमले युवालाई समाजमा सम्मानकासाथ पुन:स्थापित हुन सहयोग गर्दछ, जुन मानव अधिकारको महत्वपूर्ण पक्ष हो' उनले भने ।

त्यसैगरी उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुरका प्रमुख रामप्रसाद भुषालले तालिमलाई व्यवहारिक र बजारमुखी बनाउनु पर्नेमा जोड दिए । कार्यक्रममा सिआन पुनर्स्थापना केन्द्रका निर्देशक शौजन क्षेत्री (डीसी)ले केन्द्रको उद्देश्य र अभियानबारे प्रकाश पारेका थिए । लघुउद्यम संघ मकवानपुरकी सचिव मेनुका श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक, सिआन पुनर्स्थापना केन्द्रका सल्लाहकार महेश्वरमान श्रेष्ठ, विभिन्न निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

१५ दिने कफी बनाउने तालिम कार्यक्रम सिआन भवन, हेटौंडा-९, लामसुरेमा सञ्चालन हुनेछ । आयोजकका अनुसार तालिमले युवालाई सीप, अनुशासन र आत्मनिर्भर जीवनतर्फ प्रेरित गर्ने विश्वास लिइएको छ ।

कार्यक्रमले प्रदेश सरकारको उद्यमशीलता, सीपमूलक तालिम र स्वरोजगार प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

# नेपाल बैंक पालुङ शाखामा एटीएम सेवा सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/थाहा नगरपालिका-४ थानाबजारस्थित नेपाल बैंक लि.पालुङ शाखामा बिहीबारदेखि एटीएम सेवा सुचारु भएको छ ।

बैंकको हाताभित्र स्थापना गरिएको एटीएम ग्राहकको मागलाई ध्यानमा राखी सञ्चालनमा ल्याइएको शाखा प्रबन्धक अनुराग थापाले जानकारी दिए । २४ सै घण्टा सञ्चालन हुने एटीएम सेवाबाट थाहा नगरक्षेत्रका स्थानीयवासीका साथै यहाँ घुम्न आउने सेवाग्राहीलाई सहज हुने अपेक्षा गरिएको छ । विशेष गरी मालपोत कार्यालयमा जग्गा कारोबार गर्ने सेवाग्राहीका लागि नगद झिक्न सजिलो हुने बैंकले जनाएको छ ।

एटीएममार्फत् एकपटकमा अधिकतम २० हजार रुपैयाँ र एक दिनमा ५० हजार रुपैयाँसम्म रकम झिक्न सकिने व्यवस्था गरिएको छ । यसअघि एटीएम सेवा नहुँदा सेवाग्राहीले भोग्दै आएको असहजता अब अन्त्य हुने विश्वास लिइएको छ । स्थानीयस्तरमै एटीएम सेवा उपलब्ध भएपछि बैंकिङ सेवा अझ प्रभावकारी र जनमैत्री बन्ने अपेक्षा गरिएको छ ।

# राक्सिराङमा घरमा आगलागी, दुई लाख रुपैयाँ बराबरको क्षति

साझाकुरा संवाददाता



हेटौंडा, ३ पुस/ राक्सिराङ गाउँपालिका-७ दराङमा रहेको एक घरमा आगलागी हुँदा करिब दुई लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

बिहीबार बिहान करिब ८ बजे सुक्रबहादुर प्रजाको ढुंगामाटोले बनेको, खरले छाएको एकतले घरमा खाना पकाउने क्रममा अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । आगलागीबाट घरभित्र रहेको अन्नपात, लत्ताकपडा, नगद तथा काठ पूर्णरुपमा जलेर नष्ट भएका छन् ।

आगलागी करिब दिउँसो १२ बजे पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ । घटनामा कुनै मानवीय वा चौपाया क्षति भएको छैन । घटनास्थल प्रहरीचौकी कान्द्राङबाट करिब ३५ किलोमिटर पश्चिममा पर्दछ ।

# पत्रकारितामा प्रविधि, लैङ्गीक सवेदनशीलता र पर्यापर्यटन विषयक तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/पत्रकारितामा प्रविधि, लैङ्गीक सवेदनशीलता र पर्यापर्यटन प्रवर्द्धन विषयक एकदिने तालिम हेटौंडामा सम्पन्न भएको छ ।

सुनौलो सिसौट नेपालको आयोजना एवम् नेपाल पत्रकार महासघ मकवानपुरको समन्वयमा तालिम सम्पन्न भएको हो । इन्टरनेशनल एलोर्टको सहयोगमा भएको तालिममा पत्रकार रुपेश श्रेष्ठ र मकवानपुर बहुमुखी क्याम्पसका सहप्राध्यापक डा. निमेश निखिल प्रशिक्षकको भूमिकामा रहेका थिए । पत्रकार श्रेष्ठले पत्रकारिता प्रविधि, लैंगिक संवेदनशीलताको विषयमा र सहप्रध्यापक निमेशले हरित पत्रकारिता र भाषाको विषयमा प्रशिक्षण दिएका थिए ।

महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सुवासचन्द्र बोहोरा, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर, उपाध्यक्ष हरि हुमागाई, मकवानपुर शाखाका पूर्वअध्यक्ष राममणि दाहाल, सुनौलो सिसौट नेपालका अध्यक्ष अरुणप्रताप सिंहलगायत विभिन्न सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित बनाउन 'टाक्स फोर्स' बनाउँदै सरकार

काठमाडौं/श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित बनाउन स्पेसल टाक्स फोर्स बनाएर काम गर्ने बताएका छन् । २५ औं अन्तराष्ट्रिय आप्रवासन दिवसका अवसरमा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा मन्त्री भण्डारीले वैदेशिक रोजगारका क्षेत्रमा धेरै गुनासो आउने गरेको भन्दै यसलाई व्यवस्थित बना बनाएर काम गर्ने बताएका हुन् ।

मन्त्रालयमातहत रहने टाक्स फोर्समा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी), अपराध महाशाखालगायतलाई सहभागी गराएर काम गर्ने उनको भनाइ छ ।

उनले वैदेशिक रोजगार क्षेत्रमा देखिएका बिकृति अन्त्य गर्न व्यवसायीहरू नै अग्रसर हुनुपर्नेमा जोड दिए । जेनजी आन्दोलनपछि पनि सुशासनका क्षेत्रमा सुधार गर्न नसके अर्को ठूलो विष्फोट हुनसक्नेतर्फ सबै सजक हुनुपर्ने उनको भनाइ छ ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारका क्षेत्रले मुलुकको अर्थतन्त्रमा धेरै सहयोग गरेको भन्दै यस क्षेत्रलाई सुधार गर्नुको विकल्प नभएको धारणा राखे । संयुक्त राष्ट्रसंघले सन् १९९० डिसेम्बर १८ मा आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी महासन्धि पारित गरेको दिनको सम्झनामा विश्वभर अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाइने गरिन्छ ।

अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन आइओइमेद्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदनअनुसार विश्वभरि अनुमानित २८ दशमलव एक करोड मानिस आप्रवासिका रूपमा रहेका छन् । नेपालमा कुल ग्राहस्थ उत्पादनमा विप्रेषणको हिस्सा एक चौथाइभन्दा बढी रहेको छ ।

निर्वाचन आउन ७६ दिन बाँकी:

# जनसंख्याका आधारमा समावेशी प्रतिनिधित्व गराउन कानुनमा संशोधन

काठमाडौं/ समानुपातिक तर्फको निर्वाचन प्रणालीमा जनसंख्याको आधारमा प्रतिशत निर्धारणका लागि सरकारले कानुनी प्रबन्ध गरेको छ । त्यसका लागि मन्त्रिपरिषद्ले अध्यादेश पारित गरी जारी गर्न राष्ट्रपतिसमक्ष पेस गरेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा भएको व्यवस्थाबमोजिम दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम समूहका लागि प्रतिशत निर्धारण गर्न अध्यादेश मार्फत कानुनी प्रबन्ध गरिन लागेको हो । मन्त्रिपरिषद्को बिहीबारको बैठकले राष्ट्रिय जनगणना, २०७८ को अन्तिम प्रतिवेदनअनुसार विभिन्न क्लस्टरको प्रतिशत मिलान गर्न निर्वाचन ऐनमा संशोधन गर्ने निर्णय गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका अनुसार दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिम समुदायको जनसंख्याको नयाँ तथ्याङ्कअनुसार प्रतिनिधिसभा सदस्य ऐन, २०७४ को अनुसूची परिमार्जन गर्न अध्यादेश ल्याइएको हो । निर्वाचन आयोगमा गत मङ्सिर २५ गते भएको छलफलका आधारमा जनसंख्याका आधारमा समावेशी समूहको प्रतिनिधित्व गराउने सन्दर्भमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाषकुमार भट्टराईको संयोजकत्वमा निर्वाचन आयोग, सैंघ मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधि रहेको छ सदस्यीय समिति गठन गरिएको थियो ।

सो समितिले राष्ट्रिय जनगणनाका आधारमा समावेशी आधार प्रतिशत तय गरी तीन दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश तोकिएको थियो । सोही समितिले राष्ट्रिय जनगणना, २०७८ अनुसार जनसंख्याका आधारमा प्रतिशत निर्धारण गरेको हो ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना